आज मिति २०८१ साल मंसिर २७ गते विहीवारका दिन दिउसो २.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ३० औ बैठक बस्यो ।

तपसिल

| क्र.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | उपस्थिति |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उज्जवला थापा श्रेष्ठ | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थिति |
| २० | सदस्य-सचिव | श्री राम बहादुर के.सी | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थिति |
| ३ | महाशाखा प्रमुख | श्री तुल्सी भक्त तको | उपस्थिति |
| ४ | ब.क.सा | श्री सन्दीप प्रजापति | उपस्थिति |
| ५ | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थिति |

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३



२०८१।८।२६

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरुः
१.मध्यपुर महोत्सव सम्वन्धमा ।
२.बाल अदालत स्थापना तथा गठन सम्वन्धमा ।
३.बिबिध ।

निर्णय नं १ .

यस नगरपालिका क्षेत्र भित्रका कला,संस्कृति,सम्पदा र पेशाको प्रभावकारी प्रवर्द्धन मार्फत आर्थिक समृद्धि एवम् पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्यका साथ मिति २०८१ पुष १२, १३ र १४ गते ( **December 27, 28 and 29** ) "मध्यपुर महोत्सव-२०८१" हुन गईरहेको हुँदा ऐ. १२ र १४ गते यस मध्यपुर थिमि नगरपालिका र मातहतका कार्यालयहरु एवं शैक्षिक सस्थाहरुमा सार्बजनिक बिदा दिने निर्णय गरियो ।

निर्णय नं २ .

भक्तपुर जिल्लामा बाल अदालत स्थापना तथा संचालन गर्नका लागि चालु आ.बको भैपरी पुजीगत शिर्षकमा विनियोजित बजेटबाट रु.१०,००,०००।(अक्षरेपी दश लाख मात्र ) रकमान्तर गरी उक्त बजेट अनुदान स्वरुप आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ३.

२०८१ साल पौष १२, १३ र १४ गते , ने.सं.११४५ थिंलागाः १२,१३ र १४ ( **2024 December 27, 28, 29)** तीन दिन सम्म मध्यपुर महोत्सव भव्य र सभ्य रुपमा मनाईने भएको हुंदा सो अगाबै महोत्सव बारे जानकारी गराउन प्रत्येक वडामा घर दैलो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ .

यस नगरपालिका स्थित प्रहरी वृत्त थिमिको बा.२ झ १८० नं को महेन्द्र स्कोरपियो सवारी साधन बिग्रिएको कारण दैनिक कामकाज , गस्ती लगायतका कार्यमा कठिनाई उत्पन्न भएकोले मर्मतका लागि अनुरोध भै आएकोले सो सवारी साधन मर्मत गर्न रु.२,११,७०५।(अक्षरेपी दुई लाख एघार हजार सात सय पाच रुपैया मात्र ) भ्याट सहित लाग्ने देखिएकोमा सवारी साधन मर्मत शिर्षकमा बजेट नपुग भएकोले भैपरी चालु शिर्षकमा विनियोजित बजेटबाट रु.५,००,०००।(अक्षरेपी पाच लाख मात्र ) सबारी साधन मर्मत शिर्षकमा रकमान्तर सहित खर्च लेख्ने गरी उक्त गाडी मर्मत गरिदिने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५ .

साँस्कृतिक संरक्षण तथा सम्वर्धनका लागि विभिन्न किसिमका बाजाहरु लगायत अन्य सीप सिकाई तथा भौतिक सामग्री सहित प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि निर्माण गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ६ .

आ.व. २०८२/०८३ मा बागमती प्रदेश सरकारसँग विशेष र समपूरक अनुदानका लागि देहाय बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनाको नाम | आ.व. २०८२/०८३ को लागि प्रस्तावित बजेट |
|---|---|---|
| विशेष अनुदानका लागि प्रस्तावित आयोजनाहरू (पुरानो/क्रमागत र नयाँ दुबै) | | |
| १. | महेन्द्र आ.वि. भवन निर्माण वडा नं. २(क्रमागत) | १ (एक) करोड |
| २. | नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल पूर्वाधार निर्माण (नयाँ) | ५ (पांच) करोड |
| ३. | बोडे मा.वि. भवन निर्माण वडा नं. ८ (नयाँ) | १ (एक) करोड |
| समपूरक अनुदानका आयोजनाहरू (पुरानो/क्रमागत र नयाँ दुबै) | | |
| १. | कुण्डोल मूलसडक निर्माण वडा नं. ६(नयाँ ) | २ (दुई) करोड) |
| २. | चखु हनुमन्ते सडक निर्माण वडा नं. ४ र ५(नयाँ) | ४ (चार) करोड |
| ३. | नगदेश बुद्ध विहार परिसर सडक निर्माण वडा नं. ७ (नयाँ) | २ (दुई) करोड |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ७ .

यस नगरपालिकाबाट २०८१ साल पौष १२, १३ र १४ गते , ने.सं.११४५ थिंलागाः १२,१३ र १४ ( 2024 December 27, 28, 29) तीन दिन सम्म संचालन हुने मध्यपुर महोत्सवमा खाध्य पदार्थ , खाध्य परिकार समेतका बिक्री बितरण गर्ने स्टलका लागि देहाय बमोजिमको मापदण्ड लागु गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

मध्यपुर थिमि नगरपालिका

मध्यपुर महोत्सब-२०८१

स्वस्थकर खाद्य पदार्थ बिक्री वितरण स्टल संचालन सम्बन्धी मापदण्ड ,२०८१

मिति २०८१ पुष १२, १३ र १४ गते आयोजना हुने "मध्यपुर महोत्सव-२०८१" मा खाद्य पदार्थ बिक्री वितरण स्टल सन्चालन गर्दा देहाय अनुसारको मापदण्ड पालना गर्नु पर्नेछ ।

१. सम्बन्धित क्षेत्रगत समितिले तोकिएको स्थानमा मात्र खाद्य पदार्थ बिक्री वितरण स्टल संचालन गर्नु पर्नेछ ।

२. स्टल सफा, सुरक्षित एवम् पर्याप्त स्थान, हावा आवतजावत र प्रकाश भएको हुनुपर्नेछ ।

३. बिक्रि वितरण गर्ने सामग्रीको मूल्य सूची सबैले देखिने ठाउँमा राख्नुपर्नेछ ।

४. शाकाहारी र मांसाहारी खानेकुरालाई एक आपसमा नमिसिने गरी अलग अलग राख्नुपर्नेछ ।

५. प्लास्टिक जन्य सामग्रीहरुको (प्लेट, चम्चा, गिलास आदि) प्रयोग गर्न पाइने छैन । विकल्पमा टपरी, माटोको गिलास, कप, सलि, प्याला आदि प्रयोग गर्नुपर्नेछ ।

६. खानेकुरा प्याक गर्न प्लाष्टिकको प्रयोग नगर्ने र यसको विकल्पमा कागजका झोला वा अन्य गलेर जाने सामग्रीको प्रयोग गर्नुपर्नेछ ।

७. महोत्सबमा घरेलु उत्पादनका मादक पदार्थ (थ्वँ, अयला) बाहेक अन्य कुनै पनि प्रकारका मादक पदार्थ (बियर, व्हिस्की आदि) बिक्री वितरणमा पूर्ण रुपमा निषेध गरिएको छ ।

८. मादक पदार्थ र सुर्तीजन्य वस्तुको खुल्ला रुपमा सेवन गर्न पूर्ण रुपमा निषेध गरिएको छ ।

९. सुर्तीजन्य पदार्थको बिक्रि वितरण गर्न पाइने छैन ।

१०. सेवाग्राहीलाई साबुन पानीका साथ हात मुख धुने सफा ठाउँको व्यवस्था गर्नुपर्नेछ ।

११. स्टल अगाडी कुहिने र नकुहिने फोहोर राख्ने भाँडोको व्यवस्था गर्नुपर्नेछ ।

१२. स्टलवाट निस्केका फोहोरलाई क्षेत्रगत समितिले तोकेको स्थानमा प्रत्येक दिन सुरक्षित बिसर्जन गर्नुपर्नेछ ।

१३. स्टल संचालकले उक्त क्षेत्रमा परिचालन हुने स्वयमसेवक र सुरक्षाकर्मीहरु मध्ये सम्बन्धित क्षेत्रगत समितिले तोकिए बमोजिमका व्यक्तिहरुलाई खाजा उपलब्ध गराउनु पर्नेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

१४. सम्बन्धित निकायवाट स्विकृत लिई संचालन गरि रहेका ब्यबसायीहरुले जुन प्रकृतिको ब्यबसायको स्विकृत प्राप्त भएको हो ,त्यहि प्रकृतिको सामग्रीहरु आफ्नो पसल हाता भित्र मात्र बिक्री वितरण गर्न पाउनेछ ।

१५. खानेकुराको गुणस्तर र परिमाण सम्बन्धी ब्यबस्था ।

क) स्टलमा बस्ने व्यक्तिहरुले अनिवार्य रुपमा मास्क, पन्जा, एप्रोन र कपाल छोपिने टोपी (Hair cap) लगाउनु पर्नेछ ।

ख) खानेकुरामा किरा, झिंगा र धुलो नपस्ने गरि छोप्ने व्यवस्था गर्नुपर्नेछ ।

ग) बासि सडेगलेका एवम गुणस्तरहीन खानेकुरा बिक्री वितरण गर्न पूर्ण रुपमा निषेध गरिएको छ ।

घ) स्टलमा स्विकृति प्राप्त कम्पनीहरुवाट उत्पादित पानी (जार वा मिनरल वाटर) मात्र प्रयोग गर्नुपर्नेछ।

ङ) मिनरल वाटर लगायत अन्य खाद्य र पेय पदार्थमा अधिकतम मुल्य भन्दा बढी लिन पाइने छैन ।

च) विभिन्न परिकार बनाउँदा कम तेल प्रयोग गर्ने र एउटै तेलमा धेरै पटक परिकारहरु नबनाउने ।

छ) समयबजिको लागि टपरीको साइज न्युनतम ९ ईन्च हुनुपर्ने ।

ज) समयबजिको अधिकतम मुल्य शाकाहारी तर्फ रु १०० र मांसाहारी तर्फ रु १५० हुनेछ ।शाकाहारी समयबजि सेटमा चिउरा, स्याबजि, कालो भटमास, अदुवा, लसुन, मुलाको अचार, आलु र बोडी र मांसाहारी समयबजि सेटमा चिउरा, स्याबजि, कालो भटमास, अदुवा, लसुन, उसिनेको अन्डा आधा, न्युनतम छोयला ६ टुक्रा, आलु, मुलाको अचार, बोडी हुनुपर्ने ।

झ) अन्य नेवा परिकारको अधिकतम मूल्य निम्नानुसार हुनुपर्ने

- मासको वः प्रति गोटा रु ७५
- मुंगको वः प्रति गोटा रु ७५
- मिक्स वः प्रति गोटा रु १५०
- अन्डा वः प्रति गोटा रु १००
- चतामरी प्रति गोटा रु ३०
- मिक्स चतामरी प्रति गोटा रु १५०
- चाकु योमरी प्रति गोटा रु ४०
- मासु योमरी प्रति गोटा रु ६०
- गुदपाक योमरी प्रति गोटा रु ५०
- खुवा योमरी प्रति गोटा रु ५०

निर्णय नं :८

यस नगरपालिका वडा नं ६ र ९ को सिमाना बाटोको Ch:00+000 देखि Ch:००+१५०सम्मको अपुरो सिमाङकन चालु आ.वको खरिबोट जनो बाटो स्तरोन्तरी शिर्षकमा रु २५,००,०००।(पच्चीस लाख मात्र) विनियोजित भएको उक्त बाटो स्तरोन्तरी गर्न रु रु. ४६,८२,४८८.८० ।( छयालिस लाख बयासी हजार चार सय अठहत्तर रुपैया । असी पैसा ( भ्याट कन्टेनजेसी र पि.एस सहित ) लाग्ने प्राविधिक प्रतिबेदनमा उल्लेख भै आएकोले नपुग बजेट रु २१,८२,४८८.८०।( एक्काइस लाख बयासी हजार चार सय अठहत्तर



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

रुपैया असी पैसा मात्र ) चालु आ.वको भैपरी आउने पुजीगत शीर्षकमा विनियोजित वजेटबाट रकमान्तर गरि सो योजना संचालन गर्न अनुमानित लागत  अनुमान स्विकृत गरी **Electronic bidding ( NCB Method ISIE )** मार्फत टेन्डर विधिबाट योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं : ९

यस नगरपालिका वडा नं २ र ७ को सिमाना बाटो स्तरोन्नतीको लागि चालु आ.बको संघीय सरकारबाट हस्तान्तरीत कार्याक्रम (समपुरक अनुदान) मा विनियोजित वजेटबाट खर्च व्यहोर्ने गरी धुन्चो मधुचोक राजकुलो हुदै बुद्धचोक मगर गाउं सड्क जम्मा रु. १,९०,००,०००।( एक करोड नब्ये लाख मात्र) बजेट विनियोजित भएकोमा सो योजना संचालन गर्न १,९८,६१,६४७.१५।( एक करोड अन्ठान्नव्ये लाख एकसठ्ठी हजार छ सय सत्चालिस रुपैया पन्ध्र पैसा मात्र )। (भ्याट कन्टेनजेसी र पि.एस सहित) लाग्ने प्राविधिक प्रतिबेदनमा उल्लेख भै आएकोले नपुग बजेट रु ८,६१,६४७.१५।( आठ लाख एकसठ्ठी हजार छ सय सत्चालिस रुपैया पन्ध्र पैसा मात्र ) चालु आ.वको भैपरी आउने पुजीगत शीर्षकमा विनियोजित वजेटबाट रकमान्तर गरि सो योजना संचालन गर्न अनुमानित लागत अनुमान स्विकृत गरी **Electronic bidding (NCB Method ISIE )** मार्फत टेन्डर विधिबाट योजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं : १०

यस नगरपालिकाको ११ औ नगरसभाको अधिबेसन २०८१ साल पौष २९ गते सोमबारको दिन बिहान ८ :१५ बजे थिमि वैक्वेट मध्यपुर थिमि - ३ मा बस्ने गरि आब्हांन गर्ने निर्णय गरियो ।

निर्णय नं : ११

यस नगरपालिका वडा नं २ स्थित गठ्ठाघर व्यारेक उत्तर बाट भट्टराई टोल जाने बाटो हिलाम्बे हुने तथा धुलो उडी हिडडुल गर्ने सर्वसाधारण बटुवा तथा स्थानीय टोलबासीको स्वस्थ्यमा प्रतिकुल प्रभाब पर्ने देखिएकोले तत्काल मर्मत कार्य गर्न रु. ९,९९,३४८।५१ ( भ्याट तथा कन्टिजेन्सी समेत) लाग्ने देखिएकोले चालु आ.वमा सो कार्यका लागि वजेट व्यवस्था नभएकोले चालु आ.ब कै भैपरी पुजिगंत शीर्षकमा विनियोजित वजेटबाट उक्त रकम रकमान्तर गरी अनुमानित लागत अनुमान सहित सो कार्यक्रम स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं : १२ .

यस नगरपालिका वडा नं ८ स्थित भांगु खेल मैदानको दक्षिण तथा महालक्ष्मी मन्दिरको उत्तर-पूर्व तर्फ पहिरो रोकथाम गर्नको लागि आर.सि.सि स्टक्चर निर्माण गर्न चालु आ.वमा भांगु परिसर सुधार पहिरो नियन्त्रण



स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

शिर्षकमा रु. ५०,००,०००।( पचास लाख मात्र) वजेट विनियोजन भएकोमा सो योजना संचालन गर्न रु. ५,०७,३८,९९७.१८ ( भ्याट पि.एस.price adjument (planning) १० % of total cost with VAT and PS र कन्टिजेन्सी सहित ) लाग्ने प्राबिधिक प्रतिबेदन बाट देखिएकोले बाकी नपुग रकम स्रोत सुनिश्चितका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं : १३ .

यस नगरपालिका वडा नं ७ स्थित लायकु दरवारको पुनरुत्थानको लागि डि.पि.आर तयार गर्न रु. १४,६१,७६६.५० ।( चौध लाख एकसठ्ठी हजार सात सय छैसठ्ठी रुपैया पचास पैसा मात्र ) चालु आ.बको भैपरी पुजींगत शिर्षकमा विनियोजित बजेटबाट रकमान्तर गर्ने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत